# सोलुदुधकुण्ड नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## सल्लेरी, सोलुखुम्बु

प.सं २०७४/२०७५ | नं. १ प्रदेश नेपाल

च.नं

मिति: २०७५।०१।३१

**प्रेस विज्ञप्ति**

मिति २०७५।०१।३० र ३१ गते बसेको यस नगरपालिकाको दोस्रो नगरसभाबाट देहायका विषयहरू उपर छलफल भई निर्णय भयो ।

**देहाय:**

१. निम्नानुसारका विधेयक पारित भएको ।

(क) आधारभूत तथा माध्यमिक शिक्षा विधेयक, २०७५

(ख) आधारभूत सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी विधेयक, २०७५

(ग) पूर्वाधार विकास तथा सेवा व्यवस्था (नियमित र व्यवस्थित गर्ने) सम्बन्धी विधेयक, २०७५

(घ) आर्थिक कार्यविधि नियमित्त तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७५

(ङ) प्रशासकीय कार्यविधि नियमित गर्ने विधेयक, २०७५

(च) न्यायिक समिति विधेयक, २०७५

(छ) सहकारी विधेयक, २०७५

२. चालु आर्थिक बर्ष २०७४/०७५ का लागि विनियोजित बजेट तथा कार्यक्रमहरू मध्ये चालू तर्फ विनियोजित रकम खर्च हुन नसक्ने तर पूँजिगत तर्फ विनियोजित कार्यक्रमको स्रोत राजस्व बाँडफाँड, रोयल्टी तथा अन्य थप अनुदान बाट प्राप्त हुनुपर्नेमा हाल सम्म नभएको कारण उपभोक्ता समितिसँग सम्झौता भई दायित्व सिर्जना भई सकेको सन्दर्भमा चालु तर्फ विनियोजित रकम मध्येबाट रु. २ करोड ८८ लाख ७१ हजार ६ सय ५० पूँजिगत शीर्षकमा स्रोतान्तर गर्ने ।

३. महालेखापरिक्षकको कार्यालयबाट आ.व. २०७३/०७४ को यस नगरपालिकाको आर्थिक बर्ष २०७३/०७४ को लेखापरिक्षण भएको प्रतिवेदन उपर छलफल हुँदा प्रतिवेदनमा उल्लेख भएको नियमित गर्नुपर्ने बेरुजु रु. २८ लाख ६८ हजार लाई प्रचलित कानून बमोजिम फछ्र्यौट गर्न नगरपालिकालाई निर्देशन दिने ।

४. यस नगरपालिका क्षेत्रभित्र निर्माण हुने जुनसुकै प्रकारका जलविद्युतको स्थानीयबासीलाई प्रचलित कानून बमोजिम पाउनुपर्ने शेयर नगरवासीले पाउने भन्दा पनि कुनै संघ, संस्था, राजनीतिक दललाई एकमुष्ट दिने गरी कार्य अगाडि बढेको प्रति नगरसभाको गम्भीर ध्यानाकर्षण भएकोले उक्त कार्य तत्काल रोक्न र प्रचलित कानून बमोजिम प्रभावित स्थानीय नगरवासीलाई उपलब्ध गराउने तर्फ पर्ने शेयर उपलब्ध गराउन अविलम्ब कारबाही गर्न नगर क्षेत्रभित्र निर्माण तथा संचालन हुने विद्युत निर्माण तथा संचालनकर्तालाई जानकारी गराउने र यस कार्यमा सहयोग गरिदिन विद्युत विकास विभागलाई अनुरोध गर्ने ।

दोस्रो नगरसभाबाट पारित विधेयक नगरपालिकाको राजपत्रमा प्रकाशन भएपछि लागू हुने र यी विधेयकले ऐनको स्वरुप प्राप्त गरेपछि स्वत: कार्यान्वयनमा आउने भएकोले नगरवासीलाई विधिसम्मत शासनको प्रत्याभूति हुनेछ भन्ने अपेक्षा गरिएको छ । त्यस्तै आय-व्ययको विवरण सार्वजनिक गर्दै वित्तीय सुशासन र पारदर्शिता कायम राख्ने नगरसभाले उद्देश्य राखेको तथा यस कार्य मार्फत स्थानीय स्तरमा भइरहेको गतिविधि वारे नगरवासीलाई जानकारी गराउने र विकास निर्माण कार्यमा साझेदारको रुपमा उनीहरूको संलग्नता सुनिश्चित गर्न निर्देश गरेको छ ।

अन्त्यमा: दोस्रो नगरसभाबाट स्वीकृत भएका विधेयक सभामा पेश गर्नु अघि सञ्चारका विभिन्न माध्यमबाट राय सुझाव उपलब्ध गराई दिन अनुरोध भए अनुसार राय सुझाव उपलब्ध गराउनु हुने जनप्रतिनिधि, कर्मचारी, राजनीतिकर्मी, पेशागत संघ संगठन नागरिक समाज र संचारकर्मीहरू प्रति पुन: एकपटक हृदयदेखि धन्यवाद दिन चाहन्छौं ।

(रमिला भण्डारी)
प्रशासकीय अधिकृत